नेपाली राजदूतावास
कूवैत
**Embassy of Nepal**
State of Kuwait

سفارة نيبال
دولة الكويت

# प्रेस विज्ञप्ति

कुवैतस्थित नेपाली नियोगमा शरण लिन आउने महिला कामदारको संख्या प्रतिदिन बढ्दो न छदैछ, त्यसमाथि हिजोआज वैदेशिक रोजगार विभागले तथाकथित संगठित क्षेत्रको नाममा दूतावाससँग समन्वय नगरी कतै क्लिनर, कतै चालक भन्दै नक्कली कागजातको आधारमा श्रम स्वीकृति दिँदै सो श्रम स्वीकृतिको आधारमा भित्रिएका पुरुष कामदारको संख्या पनि थपिएको छ । क्लिनर वा अन्य पेशा भनी पठाएका त्यस्ता कामदारहरु भेडा र उँट चराउने वा खाना र बसोबासको सुविधा रहित कृषि फर्ममा काम लगाएको भनी भागेर आउने गरेका छन् । केही दिन यतादेखि १५-२० जना पुरुष कामदार आफूलाई नेपालका एजेन्टले जे काममा पठाएको हाल सो काममा नलगाइ, भेडा र उँट चराउने जस्ता काममा लगाएको भन्दै भागेर आएका छन् । तीमध्ये केही काठमाडौँबाट टिकट मगाइ फिर्ता गएका छन् ।

करीब ३५-४० जना महिला कामदारलाई दूतावास भवनमा भूइँमा नै सामान्य म्याट ओछ्याइ राख्नुपरेको छ । यस कारणले पुरुष कामदारलाई दुतावासले आश्रय दिन सक्दैन । यसरी क्लिनर वा अन्य पेशा भनी पठाएका कामदारहरु दुवै तर्फका एजेन्टको कारण ठगीमा परेका हुन्छन् र त्यस कामले स्थानीय स्पोन्सर पनि ठगीमा पर्ने गरेका छन् । वास्तवमा स्पोन्सरले उसलाई चाहिएको काम कृषि मजदूर वा उँट वा भेडाको गोठालो मागेका हुन्छन् नर सो काममा नेपालबाट मानिसहरु आउन नमान्ने भएकोले एजेन्टले पेशा ढाँटेर क्लिनर वा लेबरको झुटो कागज देखाएर र पाउने भन्दा बढी तलब दिने भनी ल्याएका हुन्छन् । नर उनीहरुको भिषामा घरेलु कामदार (निजी नोकर) लेखेको हुन्छ । भिषा अरविक भाषामा हुनाले कसैले बुझ्दैनन् भने करार पनि नक्कली हुन्छ । एजेन्ट वा म्यानपावर कम्पनीले झुटो आश्वासन कामदारलाई दिएका कारण सोही आश्वासनमा परी कामदार यहाँ आएका हुन्छन् । यहाँ आउनासाथ यहाँका केही एजेन्टले कागजात खोसिदिने आदि कारणले उनीहरु कागज बिना दूतावास आउँछन् । सबैले बुझ्नुपर्ने कुरा के छ भने २० नम्बरको भिषा भनेको घरेलु कामदारको भिषा हो त्यसैले उसले घरमा लगाएको सबै काम गर्नुपर्दछ ।

यी कामदारहरुलाई पेशा झुक्याएर ल्याउनेमा नेपाली लगायत बंगाली, भारतीय र श्रीलङ्काका एजेन्टहरु धेरै छन् । कामदारहरुलाइ समस्या परेको खण्डमा नेपाली एजेन्टहरु बाहेक अन्य एजेन्टहरु दूतावाससंग सम्पर्क गर्न चाहँदैनन् । यसरी दूतावास खुलेदेखि हालसम्म पुरुष कामदारहरुमात्र ३० जनाभन्दा बढी भागेर दूतावासमा आएका छन् ।

अन्य देशका राजदूतावासले सबै कागजात प्रमाणित गर्ने र कागजात प्रमाणित नभइकन सम्बन्धित देशको सरकारले पनि आउन अनुमति नदिने भएकोले यस किसिमको दुःख ती देशका कामदारले त्यति धेरै भोग्नु परेको छैन ।

यदि रोजगार प्रवर्धन विभागले संगठित क्षेत्र भनी श्रम स्वीकृति दिनु अगाडि दूतावासबाट प्रमाणित गरिएको कागजपहरुको आधारमा मात्र स्वीकृति दिने व्यवस्था गरेमा यो समस्या कमसेकम नेपालबाट सोझै आउने कामदारको हकमा भए पनि कम हुन सक्दछ ।

यसको अलावा कुनै पनि कामदारहरु जेसुकै काममा कुवेत आउन लागेको भएपनि दूतावासबाट कागजात प्रमाणित भए नभएको, काम के हो, के कति सुविधा पाउने हो लगायतका कुराहरु बुझेर मात्र आउनुहुन अनुरोध गरिएको छ । विस्तृत विवरणको लागि नेपाली राजदूतावासको फोन नं ००९६५ २५२४३२५७ वा kuwait@mofa.gov.np मा सम्पर्क गर्न सकिनेछ ।

१७ जेठ, २०६७
नेपाली रातदूतावास
कुवैत

प्रचार प्रसारको लागि प्रेषित ।
पुष्पराज भट्टराई
द्वितीय सचिव